# बाह्रवन साझेदारी वन व्यवस्थापन समिति

कार्यान्वयन ईकाई गौरीगंगा ६ वनवेहडा, कैलाली

स्थापित : २०६८

प .सं. :- २०८०।०८१

मिति :-२०८०।१०।२६

**विषय: काठ/दाउरा संकलन सम्वन्धि सुचना (प्रथम पटक प्रकाशित मिति २०८०।१०।२६)**

डिभिजन वन कार्यालय कैलाली धनगढी, सव डिभिजन वन कार्यालय गौरीगंगा, चौमालाको कार्यक्षेत्रमा पर्ने बाह्रवन साझेदारी वन व्यवस्थापन समितिको साझेदारी वन क्षेत्र भित्रका ढलापडा रुखहरु संकलन (कटान मुछान ढुवानी) तथा घाटगद्दी समेत गराउनका लागि स्विकृत जिल्ला दर रेट (कैलाली) अनुसारको काठ/दाउरा संकलन तथा घाटगद्दी कार्यको लागत ईस्टिमेट वमोजिम गोलिया काठ संकलन प्रति क्यु.फिं रु १४९।० (एक सय उन्पचास) मात्र र दाउरा संकलन प्रति चट्टा १५९७३।० (पन्ध्र हजार नौ सय तिरहत्तर) मात्रमा घटाघट प्रकृयावाट ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले आन्तरिक राजश्व कार्यालयमा दर्ता भई स्थायी लेखा नम्बर (PAN) वा मु.अ.कर दर्ता नंवर, आ.व. २०७९।०८० को कर चुक्ता प्रमाणपत्र, नागरिकता प्रमाणपत्रको प्रतिलिपि तथा डिभिजन वन कार्यालयहरुमा सूचिकृत भएका काठ सम्वन्धि व्यवसाय गर्न ईजाजत प्राप्त फर्म, कम्पनि, उद्योग वा व्यक्तिले निम्न शर्तहरुको अधिनमा रहि रित पुर्वकको शिलबन्दी बोलपत्र पेश गर्न आह्वान गरिन्छ ।

**शर्तहरु**

१. यो सुचना (राजधानी दैनिक पत्रिकामा) पहिलो पटक प्रकाशित भएको मिति २०८० माघ २६ गतेले ३० औं दिन मिति २०८०।११।२६ गते दिनको १:०० बजे भित्र समितिको कार्यालय वा डिभिजन वन कार्यालय कैलाली धनगढीवाट दश लाख वा सो भन्दा वढीको हकमा प्रति वोलपत्र रु ३०००। (तिन हजार) र सो भन्दा कमको हकमा रु २०००। (दुई हजार) दस्तुर (पछि फिर्ता नहुने गरि) बुझाई कार्यालय समय भित्र वोलपत्र खरिद गर्न सकिनेछ ।

२. खरिद भएको बोलपत्र यो सुचना प्रकाशित भएको मितिले ३१ औं दिन मिति २०८०।११।२७ गते दिनको १२:०० बजे भित्र तोकिए अनुसारको शिलवन्दि बोलपत्र लाहछाप लगाई यस समुहको कार्यालयमा मात्र दर्ता गराउनु पर्नेछ । बोलपत्रको खाममा पेश गर्ने फर्म, कम्पनी, उद्योग, वा व्यक्तिको नाम, ठेगाना, सम्पर्क नम्वर तथा पेश गर्ने कार्यालय (बाह्रवन साझेदारी वन व्यवस्थापन समितिको कार्यालय) को नाम स्पष्ट रुपमा अनिवार्य उल्लेख गर्नुपर्नेछ ।

३. दर्ता भएका शिलबन्दि बोलपत्रहरु बोलपत्र दाखिला भएको दिन, मिति:२०८०।११।२७ गते दिनको २:०० वजे अन्य कार्यालयका प्रतिनिधि र वोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस समितिको कार्यालयमा खोलिनेछ । वोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि वोलपत्र खोल्न वाधा हुने छैन ।

४. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खुल्ने दिन विदा पर्न गएमा उक्त कार्य विदाको लगतै भोलीपल्ट कार्यालय खुलेको दिन सोहि समयमा हुनेछ ।

५. बोलपत्र साथ आफुले कवोल गरेको ठेक्का अंकको १०% (दश प्रतिशत) ले हुने रकम समितिको नाममा नव जिवन को अपरेटिभ्स बैंक लिमिटेड शाखा कार्यालय अत्तरिया, कैलाली स्थित खाता नं. ००५०१२०००६०३०७००००००१ मा धरौटी स्वरुप नगद जम्मा गरेको सक्कलै भौचर शिलवन्दी वोलपत्रसाथ पेश गर्नुपर्नेछ । ठेक्का स्वीकृत भई म्याद भित्र सम्झौता गर्न उपस्थित हुन नआएमा धरौटी रकम जफत गरिनेछ ।

६.बोलपत्रमा आफुले कवोल गरेको रकम अंक र अक्षरमा समेत दुवै स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएको ठाउमा बोलपत्रदाताको दस्तखत हुनुपर्नेछ ।

७ म्याद नाघी आएको, रित नपुगेको, शर्त राखिएको, एक फर्मको नाममा खरिद भई अर्को फर्मवाट पेश भएको बोलपत्रलाई मूल्यांकनमा समावेश गरिने छैन ।

८. कुनै कारण खुलाई वा नखुलाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस वन व्यवस्थापन समितिमा रहनेछ ।

९. यो सुचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र ऐ. नियमावली २०६४ संशोधन सहित र प्रचलित नियमानुसार हुनेछ ।

१०. ठेक्का स्वीकृत भएपछि ठेकेदार र यस कार्यालय बिच रुख (काठ/दाउरा) कटान गर्ने, मुछान (गिण्डा पार्ने), लोडिङ्ग, अनलोडिङ्ग, ढुवानी, बोका झिक्ने, पाईलिङ्ग गरि घाटगद्दी गर्ने बिषयमा सम्झौता (करारनामा) अनुसार गनुपर्नेछ । सम्झौता पश्चात डिभिजन वन कार्यालयवाट वन प्रवेश ईजाजत प्राप्त गरेपछि तोकिएको प्लटमा गई कटान मुछान कार्य सुरु गर्न सकिनेछ ।

# बाह्रवन साझेदारी वन व्यवस्थापन समिति

कार्यान्वयन ईकाई गौरीगंगा ६ वनवेहडा, कैलाली

स्थापित : २०६८

११. संकलन गर्ने काठ र दाउराको उल्लेखित अनुमानित परिमाणमा घटबढ हुन सक्ने र घटवढ भएमा सोही अनुसार रकम भुक्तानी गरिनेछ । ठेकेदारले सुरुमा आफ्नै खर्च लगाई काठ दाउरा संकलन गर्नुपर्नेछ । काठ दाउरा संकलन भए पश्चात सम्बन्धित वन प्राविधिकले प्रमाणित गरेको चलान पुर्जी र घाटगद्दी भएको काठ दाउराको परिमाणको आधारमा ठेकेदारलाई रकम भुक्तानी गरिनेछ । सम्बन्धित सव डिभिजन वन कार्यालयका वन कर्मचारी र वन व्यवस्थापन समिति पदाधिकारीहरुको रेखदेख, निर्देशन र नियन्त्रणमा रहि ठेकेदारले कटान, मुछान, ढुवानी एवं घाटगद्दीको काम गर्नु गराउनु पर्नेछ ।

१२. रुख मार्किङ्ग, कटान तथा घाटगद्दी रजिष्टर तयारी, गोलियामा ईनामेलले साईज, नम्वर र लट लेख्ने कार्य वन कर्मचारी र वन व्यवस्थापन समितिले गर्ने गराउने छ ।

१३. प्लटको अन्तिम चेकजाच, घाटगद्दी प्रमाणित भई सकेपछि तथा उत्पादन भएको काठ दाउरा विक्री वितरण भए पश्चात मात्र संकलन खर्च भुक्तानी दिईनेछ । बिल भुक्तानी गर्दा नियमानुसारलाग्ने कर कट्टा गरि भुक्तानी गरिनेछ ।

१४. लगत बमोजिम छपान मुल्यांकन भएका रुखहरु मात्र कटान, मुछान, ढुवानी गर्नुपर्नेछ । छपान नभएको रुख वोटविरुवा एवं वन्यजन्तुको हानीनोक्सानी भएमा प्रचलित ऐन, कानुन बमोजिम कारवाहि हुनेछ ।

१५. काठ दाउराको संकलन सम्बन्धि सम्पुर्ण कार्य वन पैदावार (काठ दाउरा) संकलन तथा विक्री वितरण निर्देशिका २०७३ (संशोधन २०७५) र प्रचलित ऐन, कानुनको अधिनमा रहि गर्नुपर्नेछ ।

१६. प्लट तथा खण्ड अनुसार छुट्टाछुट्टै बोलपत्र खरिद गरि पेश गर्नुपर्नेछ ।

१७. यस सुचनामा कुनै कुरा संशोधन भएमा यस समिति मार्फत जानकारी गराईनेछ ।

१८. बोलपत्र साथ बोलपत्र स्वीकृत भएमा तोकिएको समय सिमा भित्रै काठ दाउरा संकलन तथा घाटगद्दी गर्ने गराउनेछु भन्ने प्रतिबद्धता पत्र पेश गर्नुपर्नेछ ।

**काठ/दाउरा संकलन (कटान मुछान, ढुवानी) तथा पाईलिङ्ग एवं घाटगद्दी सम्वन्धि कामको विवरण:**

**(काठ क्यु.फिटमा र दाउरा चट्टामा)**

| सि. नं. | कामको विवरण | घाटगद्दी गर्नुपर्ने स्थान | संकलन हुने रुखको संख्या | | | | ढलापडा रुख रहेको स्थान |
|---|---|---|---|---|---|---|---|
| | | | प्लट नं. | रुख संख्या | अनुमानित आयतन | | ८देखि १२ किमि |
| | | | | | काठ (क्यु.फि.) | दाउरा (चट्टा) | |
| १ | कटान मुछान ढुवानी पाईलिङ्ग, घाटगद्दी समेत | स.डि.व.का. चौमाला तथा समितिको कार्यालय परिसर | १ २०८०।८१ | ३७२ | ३१४३५।२ | २५।०० | |
| २ | कटान मुछान ढुवानी पाईलिङ्ग, घाटगद्दी समेत | स.डि.व.का. चौमाला तथा समितिको कार्यालय परिसर | २ ८०।०८१ | २२९ | २५३८५।४५ | १९।७९ | |
| ३ | कटान मुछान ढुवानी पाईलिङ्ग, घाटगद्दी समेत | स.डि.व.का. चौमाला तथा समितिको कार्यालय परिसर | ३ ०८०।८१ | २७८ | २६४२५।८९ | २१।४२ | |
| ४ | कटान मुछान ढुवानी पाईलिङ्ग, घाटगद्दी समेत | स.डि.व.का. चौमाला तथा समितिको कार्यालय परिसर | ४ ०८०।८१ | ३१८ | २८२९८।१७ | २३।५३ | |
| ५ | कटान मुछान ढुवानी पाईलिङ्ग, घाटगद्दी समेत | स.डि.व.का. चौमाला तथा समितिको कार्यालय परिसर | ५ ०८०।८१ | २६६ | २८३४१।९९ | २२।१२ | |
| | कुल जम्मा | | | १४६३ | १३९८८६।७ | १११।८६ | |

ठक्कर विक्रम शाही

अध्यक्ष